# काठमाडौं जिल्लाको मिति २०७५/०४/१४ गते भएको
# दोस्रो जिल्ला सभाको समापन वैठकबाट भएका निर्णयहरु

**प्रस्ताव नं. १ :** काठमाडौं जिल्लाको जिल्ला सभाको वैठक संचालन कार्यविधि, २०७५ स्वीकृत गर्ने सम्वन्धी

**औचित्य :**

जिल्ला सभाको वैठकलाई मर्यादित र व्यवस्थित वनाउन वाञ्छनीय भएकाले

**निर्णय नं. १** : काठमाडौं जिल्लाको जिल्ला सभाको वैठक संचालन कार्यविधि, २०७५ स्वीकृत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २ : जिल्ला समन्वय समितिको स्वामित्वमा वलम्वुमा रहेको घर टहराको मर्मत संभार गर्ने सम्वन्धी।**

**औचित्य :**

उक्त स्थानमा जि.स.स.को जग्गाको पूर्वतर्फ रहेका भवन र टहराहरु मध्ये भवन र केही टहराहरु तत्कालिन जि.वि.स. आफैले वनाएर भाडामा लगाउँदै आएको छ। सोही स्थानमा विगतमा उक्त स्थानको जग्गा भाडामा लिने ठेकेदार श्री प्रकाश श्रेष्ठले निर्माण गरेको भनिएका केहि सटर/टहराहरु पनि छन्। ती मध्ये केही टहराहरु जि.वि.स./जि.स.स.ले नै भाडामा लगाई राखेको छ भने निर्माण गर्दागर्दै सम्पन्न हुन नसकी अलपत्र रहेका केही टहराहरु पनि छन्।

उल्लेखित मध्ये जि.स.स. आफैले वनाएका भवन/सटरहरु मर्मत सम्भार (रंगरोगन आदि) गर्न अत्यावश्यक भएको छ। त्यहाँ पसल भाडामा लिनेहरु निरन्तर वसिरहँदा मर्मत गर्न समस्या भएको छ। त्यसैले उक्त भवनहरु खाली गराई जि.स.स.ले वनाएका जति रङ्गरोगन, मर्मत गर्ने तथा अरुले वनाएका भनिएका (स्वामित्व सम्वन्धमा विवाद रहेका) टहराहरु भत्काई त्यहाँ प्रयोग भएका सामाग्रीहरु उक्त टहरा वनाउने व्यक्तिलाई लैजान दिई वा निजले नलगेमा जि.स.स.ले नै व्यवस्थापन गरी घर टहराहरुको व्यवस्थित उपयोग गर्नुपर्ने भएकाले।

**निर्णय नं. २ :**

१. चन्द्रागिरी नगरपालिका वडा नं. १२ स्थित वलम्वु विकास केन्द्रमा विगतमा तत्कालिन जिल्ला विकास समितिबाट निर्माण भएको वलम्वु चोकको मुलसडकसंगै रहेको भवन पुरानो भई प्राविधिकहरुको सुझाव वमोजिम तत्काल मर्मत सम्भार र रङ्गरोगन लगायतका कार्य गर्नुपर्ने भएको। यसका लागि हाल संचालनमा रहेका पसल कवलहरु यथावत रहिरहंदा मर्मत सम्भार, रंगरोगन र वायरिङ्ग गर्ने कार्यमा कठिनाई हुने भएकाले ती पसलहरुलाई वढीमा २०७५ असोजमसान्तसम्मको समय दिएर सटरहरु खाली गर्न सूचना गर्ने।

सटरहरु भाडामा लिई व्यवसाय संचालन गर्नेहरुलाई जिल्ला समन्वय समितिको मिति २०७५/०४/०७ को निर्णयानुसार तोकिएको भाडा रकम लिएर वढीमा २०७५ असोजमसान्तसम्मको म्याद दिने। सो म्याद समाप्त भए पश्चात् जि.स.स.ले भवनको मर्मतसम्भार कार्य प्रारम्भ गर्ने। मर्मत सम्भार, रंगरोगन, वायरिङ लगायतको कार्यको लागि लाग्ने आवश्यक रकम जिल्ला समन्वय समितिको स्वआर्जन (घरभाडा, जग्गा भाडा) बाट संकलित रकमबाट खर्च गर्ने।

त्यस्तै जि.स.स.को स्वामित्वमा रहेको जग्गाको पूर्वतर्फको भित्री सडक छेउमा विगतमा अरुले वनाएका भनी स्वामित्व समेतको विवाद भएका टहराहरु सम्वन्धमा के गर्नु उपयुक्त हुन्छ ? चन्द्रागिरी नगरपालिकाको राय माग गरी न.पा.बाट प्राप्त राय सुझाव समेतका आधारमा जि.स.स.ले आवश्यक निर्णय लिने । ती सटर कवलहरुलाई पनि जिल्ला समन्वय समितिको मिति २०७५/०४/०७ को निर्णयानुसार नै भाडा दर कायम गर्ने ।

२. २०७५ पुष १ गतेसम्ममा भवनको मर्मतसम्भार कार्य सम्पन्न गरी नयाँ दररेट समेतको निर्धारण गरी उक्त भवन भाडामा लगाउन आवश्यक प्रकृया सम्पन्न गर्ने ।

३. उक्त कम्पाउण्ड भित्र रहेका अन्य पुराना टहरा तथा भवनहरु मध्ये केही भवन/टहराहरु जोखिमपूर्ण अवस्थामा रहेकाले त्यस्ता भवनहरुलाई कायम राखिराख्न उपयुक्त नभएको हुँदा प्राविधिकहरुबाट मूल्यांकन गराई भत्काउने प्रवन्ध गर्ने ।

४. जिल्ला समन्वय समितिको जग्गाको हाल भैरहेको सिमांकन/रेखांकन सम्पन्न गराई आवश्यकतानुसार कम्पाउण्ड वाल लगाउने ।

**प्रस्ताव नं. ३ :** बलम्वुमा रहेका जि.स.स.को जग्गा भाडामा लगाउने सम्वन्धी ।

**औचित्य :**

चन्द्रागिरी नगरपालिका वडा नं. १२ वलम्वुमा जि.स.स.को स्वामित्वमा करीव ४० रोपनी जग्गा रहेको छ । उक्त जग्गाको नाँपजाँच तथा सिमाङ्कन गर्ने काम नापी कार्यालय, कलंकीको सहयोगमा जि.स.स.बाट भैरहेको छ ।

उक्त जग्गाको संरक्षणको लागि आफैंले वा अरु कसैलाई भाडामा दिई उपयोगमा ल्याउन आवश्यक भएको छ । यसबाट जि.स.स. लाई आम्दानी पनि हुनेछ । तर तत्काल उक्त जग्गा प्रयोग गर्ने सम्बन्धमा जि.स.स.संग योजना र वजेट नभएकाले अहिलेलाई सार्वजनिक सूचना मार्फत भाडामा लगाउन सकिएमा जग्गा संरक्षण पनि हुने र आम्दानी पनि हुने साथै जग्गा लामो अवधिको लागि भाडामा उपलव्ध गराईदिन राजश्व अनुसन्धान विभागले पटक पटक माग समेत गरेको सन्दर्भमा

**निर्णय नं. ३ :** उल्लेखित जग्गाको न्यूनतम भाडा दर कायम गरी जि.स.स.ले सार्वजनिक सूचना प्रकाशन गरी प्रतिस्पर्धाको माध्यमबाट भाडामा दिने ।

(तर राजश्व अनुसन्धान विभाग लगायतका अन्य सरकारी निकायले भाडामा लिन चाहेमा सोलाई पहिलो प्राथमिकता दिई वार्ताद्वारा निर्णय गरी निश्चित अवधिको लागि जिल्ला समन्वय समितिले जग्गा उपलव्ध गराउन सक्ने ।)

**प्रस्ताव नं. ४ :** सवै स्थानीय तहले विद्यालय जाने उमेरका नानीहरु विद्यालय वाहिर नरहेको सुनिश्चित गर्ने सम्वन्धी ।

**औचित्य :**

नेपाल सरकारले विद्यार्थी भर्ना अभियानलाई विशेष महत्वका साथ अगाडि वढाइएको छ। यस अर्न्तगत सवै स्थानीय तहले आ-आफ्नो नगर/गाउँपालिका भित्र विशेष अभियान सम्पन्न गरी २०७५ भाद्र ३१ गते भित्र विद्यालय जाने उमेरका वालवालिकाहरु विद्यालय वाहिर नरहेको घोषणा गर्नुपर्ने नेपाल सरकारबाट स्वीकृत कार्ययोजना रहेको हुँदा ।

**निर्णय नं. ४ :** जिल्लाका सवै महानगर/नगर पालिकाहरुले विद्यार्थी भर्ना सम्वन्धमा नेपाल सरकारबाट स्वीकृत कार्ययोजनालाई प्राथमिकतामा राखेर कार्यान्वयन गरी आ-आफ्नो नगरभित्रका विद्यालय जाने उमेरका सवै नानीहरुलाई २०७५ भाद्र ३१ गते अगावै विद्यालय भर्ना गर्न आवश्यक प्रवन्ध मिलाउने ।

**प्रस्ताव नं. ५ :** काठमाडौं जिल्लालाई खुला दिशामुक्त जिल्ला घोषणा गर्ने सम्वन्धी :

**निर्णय नं. ५ :**

१. खुला दिशामुक्त घोषणा गर्न बाँकी रहेका २ वटा न.पा.(काठमाडौं महानगर र शंखरापुर नगरपालिका) ले समेत २०७५ चैत्रमसान्त भित्र आफ्ना नगरका सवै घरधुरीमा शौचालय रहेको सुनिश्चित गर्न आवश्यक तत्परता देखाउने ।
२. खुला दिशामुक्त भई सकेका नगरपालिकाहरुले पूर्ण सरसफाईयुक्त नगर वनाउन आवश्यक कार्ययोजना वनाई कार्यान्वयन गर्ने ।

**प्रस्ताव नं. ६ :** विकास निर्माणका कामलाई तिव्रता दिने सम्वन्धी :

**औचित्य :**

काठमाडौं जिल्लामा निर्माणाधिन पूर्वाधार (आयोजना - विशेषत : सडक) हरु लामो समय देखि अधुरो रहेको, यसले नागरिकहरुको जीवनमा कष्ट पुर्‍याइरहेको (धुँवा, धुलो, समय वढी लाग्ने, दुर्घटना हुने आदि) साथै पूर्वाधार सम्वद्ध कार्यालय/निकाय (सडक, विजुली, टेलिफोन, खानेपानी आदि) बीच प्रभावकारी समन्वय नहुँदा योजना सम्पन्न हुनलाई धेरै समय लाग्ने गरेको छ । त्यसैगरि एउटा निकायले प्रारम्भ गरेको योजना सम्पन्न हुनासाथ अर्को निकायले भत्काउन थाल्ने अवस्था समेत विद्यमान छ । यसबाट स्रोत साधनको दुरुपयोग मात्र नभई राज्यका निकाय प्रति नागरिकहरुको विश्वास/भरोसा घट्दै गईरहेकोले ।

**निर्णय नं. ६ :**

१. विकास निर्माणका योजनाहरु संचालन गर्ने निकायहरुले योजना प्रारम्भ गर्नुपूर्व सम्वन्धित नगरपालिकहरुसंग समन्वय गर्नुपर्ने । विभिन्न कार्यालयले संचालन गर्ने विकास आयोजनाहरुलाई प्रभावकारी वनाउन सम्वन्धित निकायहरुसंग समन्वय गरी जि.स.स.ले अनुगमन गर्ने । साथै अन्तर निकाय समन्वयलाई प्रभावकारी वनाउन जिल्ला समन्वय समितिले विकास आयोजनासंग सम्वन्ध राख्ने सवै निकायहरुलाई समेटेर प्रथम चौमासिक अवधि भित्र एउटा वृहत अन्तरक्रिया आयोजना गर्ने निर्णय गरियो ।
२. संघ तथा प्रदेश सरकरका मन्त्रालय/कार्यालयहरुबाट गठन हुने जिल्ला स्तरीय समितिहरुमा तथा निर्वाचन क्षेत्र पूर्वाधार लगायतका कार्यक्रम संचालन गर्न गठन हुने समितिहरुमा जि.स.स. समेतको प्रतिनिधित्व हुने व्यवस्था मिलाउन संघ तथा प्रदेश सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।
३. संघीय र प्रदेश सरकार अन्तरगतका नगरस्तरीय पूर्वाधार योजनाहरु अविलम्व स्थानीय सरकारलाई वजेट सहित हस्तान्तरण गर्न संघीय र प्रदेश सरकारलाई अनुरोध गर्ने ।

**प्रस्ताव नं. ७ :** गैरसरकारी संघसंस्थाहरुले संचालन गर्ने योजना कार्यक्रमहरुलाई स्थानीय तहको नीति तथा आवश्यकता अनुसारका स्थान र क्षेत्रमा संचालन गर्न आवश्यक प्रवन्ध गर्ने ।

**निर्णय नं. ७ :** गैरसरकारी संस्था परिचालन सम्वन्धमा नगरपालिकाहरु सँग समेत समन्वय गरी जिल्ला समन्वय समितिले गै.स.स. परिचालन निर्देशिका पहिलो चौमासिक भित्र तयार गरी कार्यान्वयमा ल्याउने । सो निर्देशिका बनाएर लागू नहुँदा सम्म वैदेशिक सहायता प्राप्त गर्ने गै.स.स. परिचालन सम्बन्धमा देहाय वमोजिम गर्ने ।

जिल्ला भित्र योजना कार्यक्रम संचालन गर्न चाहने संघसंस्थाहरुले,

- एउटा नगरपालिका भित्र मात्र कार्यक्रम संचालन गर्ने भए सम्वन्धित नगरपालिकाबाट पूर्व स्वीकृती लिनुपर्ने यस्तो पूर्वस्वीकृतीको जानकारी जि.स.स.मा पेश गरी जि.स.स.बाट समेत सिफारिस पत्र लिनुपर्ने ।
- एकभन्दा वढी नगरपालिका भित्र कार्यक्षेत्र वनाएर योजना कार्यक्रम संचालन गर्न चाहने गैससहरुले जि.स.स.मा प्रस्ताव दर्ता गराउनु पर्ने ।
- यस्तो प्रस्ताव दर्ता भएपछि जि.स.स.को संयोजनमा सम्वन्धित नगरपालिकाहरुका प्रतिनिधिहरु समेत वसी योजना सम्वन्धमा आवश्यक निर्णय लिएपछि जि.स.स.ले सिफारिस उपलव्ध गराउने ।
- काठमाण्डौं जिल्ला भित्र योजना सञ्चालन गर्ने गैरसरकारी संस्थाहरुले कुल बजेटको न्यूनतम ६०% रकम भौतिक पूर्वाधार निर्माणमा अनिवार्य रुपमा खर्च गर्नु पर्नेछ । यो बमोजिम खर्च प्रस्ताव नभएका योजनाहरुलाई सन् २०१८ को डिसेम्वर पश्चात पुर्व स्वीकृति दिइने छैन । तर नीतिगत विषयमा पैरवी गर्ने संस्थालाई भने उल्लेखित अनुपातमा खर्च प्रस्ताव नगरेको भएपनि स्वीकृती दिन सकिनेछ ।

**प्रस्ताव नं ८ :** जिल्ला समन्वय समितिको चालु आ.व. २०७४/०७५ को आम्दानी र खर्च अनुमोदनः

**निर्णय नं. ८ :** जि.स.स. काठमाण्डौंको आ.ब. ०७४।७५ मा भएको आय-व्यय अनुमोदन गर्ने निर्णय गरियो ।

| व.शि.नं | कार्यक्रमको नाम | गत वर्षको जिम्मेवारी | यस वर्षको आम्दानी | जम्मा आम्दानी निकासा | खर्च | वांकी |
|---|---|---|---|---|---|---|
| | नेपाल सरकार तर्फको | ०।०० | ३२,२०८,६८३।१६ | ३२,२०८,६८३।१६ | ३२,२०८,६८३।१६ | ०।०० |
| ३६५८०१३ | जिल्ला विकास समिति अनुदान | | २२,१००,९४९।८६ | २२,१००,९४९।८६ | २२,१००,९४९।८६ | ०।०० |
| ३६५८०८३ | स्थानीय यातायात पूर्वाधार क्षेत्रगक कार्यक्रम चालु | | १,१६७,२१३।३० | १,१६७,२१३।३० | १,१६७,२१३।३० | ०।०० |
| ६०२०१५३ | अर्थ वजेट | | २,१००,०००।०० | २,१००,०००।०० | २,१००,०००।०० | ०।०० |
| ३६५८१९३ | स्थानीय स्वायत्तशासन तथा सा.वि.कार्यक्रम | | ५,५४७,०८०।०० | ५,५४७,०८०।०० | ५,५४७,०८०।०० | ०।०० |
| ३६५८४५३ | गरिव संग विश्वेश्वर कार्यक्रम | | ४६८,४४०।०० | ४६८,४४०।०० | ४६८,४४०।०० | ०।०० |
| ३०१८०१३ | राष्ट्रिय पुननिर्माण प्रधिकरण | | ८२५,०००।०० | ८२५,०००।०० | ८२५,०००।०० | ०।०० |
| | **आन्तरिक तर्फको** | **५७५,६५७,७५४।७९** | **७५७,०४२,१४४।१६** | **१,३३२,६९९,८९८।९५** | **३२९,३६०,४०८।८४** | **१,००३,३३९,४९०।११** |
| | आन्तरिक आम्दानी खाता | १८०,७५५,७२६।०० | १६३,१७०,३१६।८४ | ३४३,९२६,०४२।८४ | २८,६५३,२५०।८४ | ३१५,२७२,७९२।०० |
| | राजस्व वांडफांड (घर जग्गा रजिष्ट्रेशन वापत)✍ | ३३५,७९५,५६६।९१ | ५१५,३९५,९४४।२० | ८५१,१९१,५११।११ | २३२,११०,७६८।०० | ६१९,०८०,७४३।११ |
| | कर्मचारी कल्याण कोष | २६,६६४,७२८।१० | २,८०८,४४९।६२ | २९,४७३,१७७।७२ | ०।०० | २९,४७३,१७७।७२ |
| | धरौटी | २४,८९७,२३२।६० | २३,१९६,१२३।०० | ४८,०९३,३५५।६० | १६,३८५,६३६।०० | ३१,७०७,७१९।६० |
| | वैकल्पिक उर्जा | २२४,३१५।६६ | १०९,९४६।०० | ३३४,२६१।६६ | २५६,२७०।०० | ७७,९९१।६६ |
| | भारतिय दुतावास सहयोग | ७,३२०,१८५।५२ | ५२,३६१,३६४।५० | ५९,६८१,५५०।०२ | ५१,९५४,४८४।०० | ७,७२७,०६६।०२ |
| | **कुल जम्मा** | **५७५,६५७,७५४।७९** | **७८९,२५०,८२७।३२** | **१,३६४,९०८,५८२।११** | **३६१,५६९,०९२।००** | **१,००३,३३९,४९०।११** |
| ✍ घरजग्गा रजिष्ट्रेशन वापतको आ.व. २०७३/०७४ सम्मको न.पा.हरूलेपाउन वांकी रकम तथा गत आ.व.को भुक्तानी दिन वांकीको भुक्तानी दिइएको समेत खर्च | | | | | | |

**प्रस्ताव नं. ९ :** एक भन्दा वढी नगरपालिकासंग सरोकार राख्ने विषयहरु (जस्तै फोहोरमेला व्यवस्थापन, निर्माण सामाग्रीको ज्यालादर आदि) मा जिल्ला समन्वय समितिले आवश्यक संयोजन गरी समस्या समाधानमा समन्वयात्मक पहल गर्ने सम्वन्धी ।

**निर्णय नं. ९ :** एक भन्दा वढी नगरपालिकासंग सरोकार राख्ने विषयहरु (जस्तै फोहोरमेला व्यवस्थापन, निर्माण सामग्रीको ज्यालादर, कवाडी कर तथा हाड सिंग खुरको कर संकलन आदि जस्ता साझा विषय) मा जिल्ला समन्वय समितिले आवश्यक संयोजन गरी समस्या समाधानमा समन्वयात्मक पहल गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १० :** आगामी आ.व. २०७५/०७६ मा ढुंगा, गिट्टि, वालुवा लगायत प्राकृतिक स्रोतको कर संकलन सम्वन्धी:

**निर्णय नं. १० :** आगामी २०७५ श्रावण १ गतेबाट ढुंगा, गिट्टी, वालुवा लगायत प्राकृतिक स्रोतको कर संकलन सम्वन्धित नगरपालिकाले गर्ने ।

- प्रदेशले दर निर्धारण गरेपछि सोही दरमा उठाउने । प्रदेशले दर निर्धारण नगरेसम्म जिल्ला समन्वय समितिले आ.व. २०७४/०७५ मा लागू गरेको देहायको दरमा कर उठाउँदै गर्ने ।

| क्र. सं. | विवरण | प्रति ईकाई मूल्य रु. |
|---|---|---|
| १ | वर्षायाममा थुप्रिएको वालुवा प्रति ट्रिपर/ट्रक | ३०००.०० |
| | प्रति मिनि ट्रक | १०००.०० |
| २ | खानीको वालुवा, ढुंङ्गा तथा ग्राभेल प्रति ट्रिपर/ट्रक | १२००.०० |
| | प्रति मिनि ट्रक | ४००.०० |
| ३ | माटो प्रति ट्रिपर | ३००.०० |
| | प्रति ट्रक | २००.०० |
| | प्रति मिनि ट्रक | १००.०० |
| ४ | वासिङ्ग तथा प्रशोधित वालुवा प्रति क्यु. फिट | २.०० |

- नगरपालिकाहरुले यस्तो कर असुली ठेक्का मार्फत गर्ने । सोका लागि ठेक्का प्रकृया अविलम्व अगाडि वढाउने । ठेक्का प्रकृया सम्पन्न भई सम्झौता भए पश्चात सोही वमोजिम र ठेक्का सम्झौता भई नसकेसम्मको लागि अमानतमा उठाउँदै गर्ने ।
- **गैरकानूनी ओसारपसार नियन्त्रण र अनुगमन :**
- नगरपालिकाले अमानतमा उठाएको भए नगरपालिका स्वयंको रसिद नलिई र न.पा.ले ठेक्का लगाएको भए नगरपालिकाबाट स्वीकृत प्राप्त ठेकेदारको बिल नलिई ढुंगा, गिट्टि, बालुवा लिई गुडेको सवारी साधन नियन्त्रणमा लिई तपशिल वमोजिम जरिवाना/कारवाहीका लागि जि.स.स.मा पठाईदिन जिल्ला प्रशासन कार्यालय र महानगरीय प्रहरी परिसर काठमाडौंलाई अनुरोध गर्ने ।

**तपशिल**

| क्र.सं. | साधन | पहिलो पटक | दोहोरिएमा |
|---|---|---|---|
| १ | ट्याक्टर | ५०००.०० | १००००.०० |
| २ | छ चक्के ट्रक/ट्रिपर | १२०००.०० | २००००.०० |
| ३ | १० चक्के ट्रक/ ट्रिपर | १८०००.०० | २५०००.०० |

जरिवानाबाट असुल भएको रकमको ४०% रकम पुरस्कार स्वरुप सम्बन्धित प्रहरीलाई उपलब्ध गराउने ।
जरिवाना असुल भएको रकमबाट पुरस्कार दिई बाँकी रहेको रकम जि.स.स.ले प्रशासन, प्रहरी र न.पा.हरुसंग आवश्यक समन्वय गरी अनुगनमा खर्च गर्ने ।

**प्रस्ताव नं. ११ :** चालू आ.व. २०७४/०७५ मा काठमाडौं जिल्ला समन्वय समितिबाट संकलन भएको प्राकृतिक स्रोत वापतको वांडफांड देहाय बमोजिम गर्न ३ नं. प्रदेश सरकार समक्ष सिफारिस गर्ने ।

**निर्णय नं. ११** : आ.व. २०७५/०७६ देखि प्रदेश कनून वमोजिम हुने गरी आ.व. २०७४/०७५ मा काठमाडौं जिल्ला समन्वय समितिबाट संकलन भएको प्राकृतिक स्रोत वापतको रकम स्थानीय सरकारहरुलाई मात्र देहाय वमोजिम वांडफांड गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**<u>प्राकृतिक स्रोत वांडफांडको विवरण</u>**

| क्र.सं. | समूहको नाम | आ.व. २०७३/०७४ मा प्राप्त रकम रु. | स्थानीय तहलाई उपलब्ध गराइएको रकम रु. (३७.५ प्रतिशत) | प्रदेश/स्थानीय तह | आ.व. | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०७३/०७४ मा संकलित रकम मध्ये | | आ.व. २०७४/०७५ मा संकलित रकम मध्ये | | |
| | | | | | स्थानीय निकायलाई उपलव्ध गराइएको रकम रु. | वांडफांडको दर प्रतिशत (साविकको कानूनी व्यवस्था वमोजिम) | प्रदेश र जि.स.स.को लागि प्रस्तावित दर | प्रदेश नं. ३ र जि.स.स.लाई तोकिएको प्रतिशत छुट्याएर बाँकी हुन आउने रकमको वांडफांडको लागि प्रस्तावित दर प्रतिशत | आ.व. २०७४/०७५ मा संकलित रकम रु. |
| १ | पूर्व क्षेत्र ( शंखरापुर न.पा., कागेश्वरी(मनहरा न.पा. र गोकर्णेश्वर न.पा. क्षेत्रमा कर संकलन वापत | ४३३१६०००.०० | १६२४३५००.०० | शंखरापुर | ५,८४७,६६०.०० | १३.५० | | ३६ | ६३,६९९,९९९.३० |
| | | | | कागेश्वरी मनहरा | ६,१७२,५३०.०० | १४.२५ | | ३८ | |
| | | | | गोकर्णेश्वर | ४,२२३,३१०.०० | ९.७५ | | २६ | |
| | | | | काठमाडौं महानगरपालिका | - | - | | ? | |
| | | | | ३ नं प्रदेश सरकार | - | - | | | |
| | | | | जि.स.स. काठमाडौं | २७,०७२,५००.०० | ६२.५० | २ | | |
| २ | उत्तर क्षेत्र ( वुढानीलकण्ठ न.पा., तारकेश्वर न.पा. र टोखा न.पा.) | २३३६८८००.०० | ८७६३३००.०० | तारकेश्वर | ३,४१७,६८७.०० | १४.६३ | | ३९ | ४२,०००,०००.०० |
| | | | | टोखा | २,८०४,२५६.०० | १२.०० | | ३२ | |
| | | | | वुढानीलकण्ठ | २,५४१,३५७.०० | १०.८८ | | २९ | |
| | | | | ३ नं प्रदेश सरकार | - | - | | | |
| | | | | जि.स.स. काठमाडौं | १४,६०५,५००.०० | ६२.५० | २ | | |
| ३ | दक्षिणकाली न.पा., चन्द्रागिरी न.पा., नागार्जुन न.पा. र कीर्तिपुर क्षेत्र | १५६०३९५९.०० | ५८५१४८४.६३ | दक्षिणकाली, | ३,६२७,९२०.४७ | २३.२५ | | ५९ | १८,९२०,२५०.०० |
| | | | | चन्द्रागिरी | १,४०४,३५६.३१ | ९.०० | | २३.५ | |
| | | | | नागार्जुन | ८१९,२०७.८५ | ५.२५ | | १२.५ | |
| | | | | कीर्तिपुर | - | - | | ५ | |
| | | | | ३ नं प्रदेश सरकार | - | - | | | |
| | | | | जि.स.स. काठमाडौं | ९,७५२,४७४.३८ | ६२.५० | २ | | |
| | जम्मा | ८२,२८८,७५९.०० | ३०,८५८,२८४.६३ | | ८२,२८८,७५९.०० | | | | १२४,६२०,२४९.३० |

**प्रस्ताव न. १२ :** कर्मचारी कल्याण कोषमा रकम व्यवस्था सम्वन्धी ।

**निर्णय नं. १२ :** हाल जिल्ला समन्वय समिति काठमाडौं र विभिन्न नगरपालिकहरुमा कामकाज गर्न काजमा खटिईएका जि.स.स.का स्थायी कर्मचारीहरुको लागि मिति २०७६ असारमसान्तसम्मको लागि आवश्यक पर्ने उपदानको रकम गणना गरी आवश्यक रकम कर्मचारी कल्याणकारी कोषमा थप गर्न जिल्ला समन्वय समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव न. १३ :** जिल्ला समन्वय समिति काठमाडौंको आ.व. ०७५/०७६ को प्रस्तावित वजेट तथा कार्यक्रम सम्वन्धमा ।

**निर्णय नं. १३ : जिल्ला समन्वय समितिको आ.ब. २०७५/०७६ को वजेट सम्वन्धमा देहाय बमोजिम गर्ने :**
जिल्ला समन्वय समितिलाई संघ र प्रदेशबाट प्राप्त हुने रकम एकिन भई नसकेको हुँदा यथार्थ विवरण प्राप्त भए पश्चात जि.स.स.ले संघ र प्रदेशबाट प्राप्त हुने रकमको अतिरिक्त जि.स.स.मा आ.व. २०७३/०७४ को अन्त्यमा खर्च नभई वचत रहेको रकम र आ.व. २०७४/०७५ को आफ्नो स्वामित्वको घर जग्गा भाडा तथा अन्य आय (प्राकृतिक स्रोतबाट संकलित कर दस्तुर र घरजग्गा रजिष्ट्रेशन शुल्क वापतको रकम वाहेक) समेत समावेश गरी जि.स.स.ले मापदण्ड र कार्यक्रम वनाई खर्च गर्ने ।

यसरी वजेट/कार्यक्रम तर्जुमा गर्दा अन्य निकायको स्वीकृती लिनुपर्ने भए सो समेत लिई देहाय बमोजिमको प्राथमिकताका आधारमा गर्ने निर्णय गरियो ।

१. जिल्ला समन्वय समितिलाई आवश्यक पर्ने प्रशासनिक खर्च ।
२. जिल्ला समन्वय समितिको स्वामित्वका संपत्ति संरक्षणका लागि आवश्यक पर्ने रकम ।
३. बिगतमा जिल्ला समन्वय समितिबाट निर्माण प्रारम्भ भई अधुरा रहेका भवन, पुल, खानेपानी ट्यांकी आदि सम्पन्न गर्न आवश्यक पर्ने रकम ।
४. बिगतका निर्णयले नगरपालिकाहरुलाई दिनुपर्ने तर दिन बाँकी रहेको कुनै रकम भए सोका लागि आवश्यक पर्ने रकम ।
५. अदालतको फैसला वा आदेशबाट जि.स.स.ले तिर्न बुझाउन पर्ने कुनै रकम भए सोका लागि आवश्यक पर्ने रकम ।
६. जिल्ला समन्वय समितिमा विपद् व्यवस्थापन कोष स्थापना गरी सो का लागि आवश्यक रकम ।
७. उपर्युक्त बमोजिमका शिर्षकमा न्यूनतम रकम विनियोजन गरी बाँकी रहने रकम न.पा.हरुको भौतिक पूर्वाधार (भवन निर्माणलाई प्राथमिकता) दिई निर्माणमा खर्च गर्ने गरी नगरपालिकासंग समन्वय गरी कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने । नगरपालिकाहरुलाई रकम उपलब्ध गराउन जिल्ला समन्वय समितिले जनसंख्या, भूगोल र विकासको आवश्यकता समेतलाई समाबेश गरेर मापदण्ड तयार गरेर सो मापदण्डमा आधारित भएर उपलब्ध गराउन सिफारिस गर्ने ।

**प्रस्ताव नं. १४ :** जि.स.स. उपप्रमुख तथा सदस्यहरुको मर्यादाक्रम नतोकिँदा सार्वजनिक समारोहहरुमा सहभागी हुँदा अलमल हुने गरेकाले सोको निराकरणका लागि जि.स.स. उपप्रमुख तथा सदस्यहरुको समेत मर्यादाक्रम तोकिन संघीय सरकार समक्ष सिफारिस गर्ने सम्वन्धी ।

**निर्णय नं. १४ :** जि.स.स. उपप्रमुख तथा सदस्यहरुको मर्यादाक्रम नतोकिँदा सार्वजनिक समारोहहरुमा सहभागी हुनेक्रममा समस्या हुने गरेकाले सोको निराकरणका लागि जि.स.स. उपप्रमुख तथा सदस्यहरुको समेत मर्यादाक्रम तोक्न संघीय सरकार समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १५ :** विभिन्न नगरपालिकासंग समन्वय/सहजीकरण गर्न जिल्ला समन्वय समितिले आफ्ना पदाधिकारीहरुलाई नगरपालिका तोकेर सम्पर्क व्यक्ति (Focal Person) का रुपमा खटाउने ।

**निर्णय नं. १५ :** विभिन्न नगरपालिकासंग समन्वय/सहजीकरण गर्न जिल्ला समन्वय समितिले आफ्ना पदाधिकारीहरुलाई नगरपालिका तोकेर सम्पर्क व्यक्ति (Focal Person)का रुपमा खटाउने । निजले जि.स.स. र नगरपालिका विच आवश्यक समन्वय/सहजीकरण गर्ने र आफूले गरेको कामको प्रतिवेदन जि.स.स. वैठकमा नियमित रुपमा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १६ :** जिल्ला समन्वय समितिका वेरुजु फर्स्योट गर्न कार्यदल गठन गर्ने सम्वन्धी ।

**निर्णय नं. १६ :** जिल्ला समन्वय समिति काठमाडौंमा रहेका केन्द्रीय तथा आन्तरिक स्रोततर्फका बेरुजु मध्ये असूल उपर गर्नुपर्ने वेरुजु अध्ययन गरी सम्वन्धित व्यक्ति/पदाधिकारी/संस्था /कार्यालयबाट असूल उपर गर्न आवश्यक देखिएको वेरुजु रकम सम्वन्धितहरुबाट असूल उपर गर्न आवश्यक तरताकेता गरी वेरुजु फर्स्योट गर्ने कार्यमा सहजीकरण गर्न देहाय वमोजिमको वेरुजु फर्स्योट सहजीकरण उपसमिति गठन गर्ने निर्णय गरियो ।

**सहजीकरण उपसमितिका पदाधिकारीहरु :**

| | |
|---|---|
| जि.स.स. प्रमुखले तोकेको जि.स.स. सदस्य | संयोजक |
| आर्थिक प्रशासन शाखाको प्रतिनिधि | सदस्य |
| जि.स.स. योजना/प्रशासन हेर्ने ना.सु. | सदस्य-सचिव |

**प्रस्ताव नं. १७ :** जिल्ला समन्वय समितिको कार्यालय, काठमाडौंको दरवन्दी पुनरावलोकन सम्वन्धमा ।

**निर्णय नं. १७ :** जि.स.स. काठमाडौंका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट हाल कायम गरिएको दरवन्दी अत्यन्त न्यून रहेको । दरवन्दी अनुसारका कर्मचारीहरुबाट समन्वय र अनुगमनलाई प्रभावकारी वनाउन नसकिने भएकाले हालको अन्तरिम दरवन्दी पुनरावलोकन गरी गर्न नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सिफारिस गर्ने निर्णय गरियो ।

# जिल्ला समन्वय समितिको प्रस्तावित संगठनात्मक ढांचा



## जिल्ला समन्वय समितिको संगठनात्मक ढांचा अनुसारको
## प्रस्तावित कर्मचारी दरबन्दी तालिका

| सि. नं. | शाखा | पद | संख्या |
|---|---|---|---|
| १ | कार्यालय प्रमुख | जिल्ला समन्वय अधिकारी, रा.प. द्वितीय | १ |
| १ | प्रशासन शाखा | | ११ |
| | ○ कर्मचारी प्रशासन इकाई | अधिकृतस्तर सातौं/रा.प. तृतीय | १ |
| | ○ बैठक व्यवस्थापन तथा निजी सचिवालय | सहायकस्तर पांचौं/रा.प.अनं.प्रथम | १ |
| | ○ जिन्सी इकाई | सहायकस्तर पाँचौं/रा.प.अनं. प्रथम | १ |
| | ○ दर्ता/चलानी र सोधपुछ इकाई | सहायकस्तर पाँचौं (स्वकीय सचिव-प्रमुख) | १ |
| | | कार्यालय सहयोगी | ४ |
| | | हल्का सवारी चालक | ३ |
| २ | सूचना, समन्वय तथा क्षमता विकास शाखा | | ३ |
| | ○ सूचना तथा अभिलेख इकाई | अधिकृतस्तर छैठौं | १ |
| | ○ तालिम व्यवस्थापन तथा समन्वय/सम्पर्क इकाइ | सहायकस्तर पांचौं/नायव सुब्बा | १ |
| | | सूचना प्रविधी सहायक सहायकस्तर पाचौं/ना.सु | १ |
| ३ | अनुगमन तथा प्राविधिक परामर्श शाखा | | २ |
| | ○ योजना तथा अनुगमन इकाई | ईञ्जिनियर | १ |
| | ○ प्राविधिक इकाई | सव-ईञ्जिनियर | १ |
| ४ | आर्थिक प्रशासन शाखा | | १ |
| | | लेखापाल | १ |
| | **जम्मा** | | **१८** |
| | सेवा करारबाट लिनुपर्ने | माली | १ |
| | | कुचिकार | १ |
| | | चौकिदार | २ |
| | | जम्मा | ४ |
| | | **कुल जम्मा** | **२२** |

**प्रस्ताव नं. १८ :** स्थानीय तहको सेवा सुविधा पुनरावलोकन सम्वन्धी :

**<u>औचित्य :</u>**

कार्य जिम्मेवारी धेरै रहेको तर सोको तुलनामा अत्यन्त न्यून तलव तथा सुविधा प्रवन्ध हुँदा अहोरात्र खट्न समस्या भएकाले ।

**<u>निर्णय नं. १८ :</u>** प्रदेश नं. ३ का मुख्य मन्त्रि तथा मन्त्रीपरिषद्को कार्यालयमा स्थानीय तहको सेवा सुविधा पुनरावलोकनका लागि देहाय वमोजिम अनुरोध गर्ने निर्णय गरियो ।

१. स्थानीय तह (जिल्ला समन्वय समिति, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका)मा प्रतिनिधित्व गर्ने जनप्रतिनिधिहरुका लागि हालको सेवा सुविधा अत्यन्त न्यून र अवैज्ञानिक रहेकाले सो को पुनरावलोकन गरी कार्य जिम्मेवारीको आधारमा सेवा सुविधा व्यवस्था गर्न अनुरोध गर्ने ।

२. जिल्ला समन्वय समिति, काठमाडौंका उप-प्रमुखलाई चार पाङ्ग्रे र सदस्यहरुलाई दुई पाङग्रे सवारी साधनको सुविधा उपलव्ध गराउन सिफारिससाथ अनुरोध गर्ने ।

**प्रस्ताव नं. १९ :** भूकम्प पछिको पुनः निर्माणलाई तिव्रता दिने सम्वन्धी ।

**<u>औचित्य :</u>**

भूकम्प गएको लामो समय भईसक्दा पनि काठमाडौंका सार्वजनिक सम्पदाहरु र निजी आवासहरुको पुनः निर्माण गर्ने कार्यले अपेक्षित प्रगति हासिल गर्न नसकेको सन्दर्भमा आवश्यक समन्वय र अनुगमन गरी पुनःनिर्माणको कामलाई यथाशिघ्र सम्पन्न गर्नुपर्ने साथै लाभग्राहीको सूचीमा परेका

तर वास्तविक भूकम्प पिडित नभएकाहरुलाई छानविन गरी भूकम्प प्रभावितको सुचीबाट हटाउने कार्यमा समेत सहयोग गर्न आवश्यक भएकाले ।

**निर्णय नं. १९ :** (क) भूकम्प गएको लामो समय भईसक्दा पनि काठमाडौंका सार्वजनिक सम्पदाहरु र निजी आवासहरुको पुनः निर्माण गर्ने कार्यले अपेक्षित प्रगति हासिल गर्न नसकेको सन्दर्भमा आवश्यक समन्वय र अनुगमन गरी पुनःनिर्माणको कामलाई यथाशिघ्र सम्पन्न गर्नुपर्ने साथै लाभग्राहीको सूचीमा परेका तर वास्तविक भूकम्प पिडित नभएकाहरुलाई छानविन गरी भूकम्प प्रभावितको सुचीबाट हटाउने र भूकम्प पछिको पुनः निर्माणलाई तिव्रता दिन सक्रियताका साथ कार्य गर्ने ।

(ख) बैंकहरुबाट प्राप्त हुने भनिएको सहुलियत ऋण प्राप्त गर्न कठिनाई भएको तथा वैंकले २ प्रतिशत व्याजदरमा दिने भनिएको ऋणको व्याजदर अहिले १५ प्रतिशत कायम भएको गुनासो आएकोले सहज तथा सहुलियतपूर्ण ऋण उपलब्ध गराउन आवश्यक प्रवन्ध हुन राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको ध्यानाकर्षण गराउने निर्णय गरियो ।

(ग) भुकम्पबाट क्षति भएका निजी आवास निर्माणका लागि अनुदान सम्झौता गर्ने म्याद मिति २०७५ चैत्रमसान्तसम्म थप राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २० :** शंखरापुर नगरपालिका क्षेत्र भित्रका सडकहरुमा ढुंगा, गिट्टी, वालुवा जस्ता खानीजन्य पदार्थहरुको ओसारपसार गर्दा गत विगत वर्षहरुमा वातावरण/सडक मर्मत शुल्क सवारी साधन हेरी निश्चित रकम उठाउँदै आएकोमा आ.व. २०७५/०७६ का लागि समेत उक्त रकम उठाउने सम्वन्धमा ।

**निर्णय नं.** २० : नेपालको संविधान तथा प्रचलित संघीय र प्रदेश कानूनसंग नवाझिने गरी मात्र स्थानीय सरकारले कर, दस्तुर, शुल्क लगाउनु पर्ने भएकाले आवश्यक कानूनी परामर्श गरी उपर्युक्त वमोजिम नवाझिने एकिन भएमा मात्र कर, दस्तुर लगाउने निर्णय गरियो ।